त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र सङ्ख्या
च.नं.

मिति २०८०।८।२४

# B.Sc. भर्ना सम्बन्धमा अत्यन्त जरुरी सूचना ।

यस अध्ययन संस्थानको २०८० कार्तिक २४ गतेको सूचना अनुसार Institute of Engineering (IoE), TU मा B.E. वा Equivalent का लागि वर्ष २०८० मा प्रवेश परीक्षा दिई उत्तीर्ण भएका विद्यार्थीहरुलाई यस वर्ष B.Sc. (Physical Group) मा तथा चिकित्सा शिक्षा आयोग (Medical Education Commission) द्वारा MBBS वा Equivalent वर्ष २०८० मा प्रवेश परीक्षा दिई उत्तीर्ण भएका विद्यार्थीहरुलाई B.Sc. (Biological Group) मा तोकिएको सर्तमा भर्ना गर्न सकिने गरी B.Sc. प्रवेश परीक्षाको फाराम भर्न आह्वान गरिएकोमा **सो अनुसार फाराम भर्न छुट भएका** IoE, TU मा B.E./B.Arch. का लागि वर्ष २०८० मा प्रवेश परीक्षा वा चिकित्सा शिक्षा आयोगद्वारा MBBS वा Equivalent वर्ष २०८० मा प्रवेश परीक्षा दिई उत्तीर्ण भएका विद्यार्थीहरुले यस अध्ययन संस्थानको वेबसाइट https://iost.tu.edu.np/ मा गई आवश्यक शुल्क (रु २,३००।– दुई हजार तीन सय मात्र) तोकिएको अनलाइन माध्यमबाट तिरी **२०८० मंसिर २८ गतेभित्र आवश्यक जानकारी तथा कागजपत्र सहित** अनलाइन फाराम भर्न सकिने बेहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

## तोकिएका सर्तहरु

1. B.Sc. (Physical) / B.Sc. (Biological) मा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुले तोकिएको न्युनतम योग्यता पूरा गरेको हुनुपर्नेछ । न्युनतम योग्यता सम्बन्धी जानकारी https://iost.tu.edu.np/notices/975 बाट वा प्रवेश परीक्षाको अनलाइन पोर्टल (http://103.175.192.30:82/) बाट प्राप्त गर्न सकिनेछ ।
2. IoE, TU र चिकित्सा शिक्षा आयोगद्वारा २०८० मा लिइएको प्रवेश परीक्षाहरु उत्तीर्ण गरेका विद्यार्थीहरुले तोकिएको शुल्क तिरी B.Sc. प्रवेश परीक्षा २०८० आवेदन गरी आवश्यक जानकारी सहित आफूसँग रहेको स्कोर कार्ड र १२ को ट्रान्सिक्रिप्टको single pdf बनाई फाराममा upload गर्नुपर्नेछ ।
3. IoE, TU वा चिकित्सा शिक्षा आयोगमा फाराम भर्दाका फोटो लगायत सबै जानकारी एउटै र दुरुस्तै हुनुपर्नेछ ।
4. यस अध्ययन संस्थानको स्वीकृति बिना यस किसिमका विद्यार्थीलाई कुनै क्याम्पस कलेजमा भर्ना गर्न पाइनेछैन ।

यस किसिमले आवेदन दिने विद्यार्थीले मंसिर ३० गतेबाट B.Sc. भर्नाका लागि **भर्ना स्वीकृति पत्र (Letter of Admission Approval)** प्राप्त गर्न सक्नेछन् ।

**सहायक डीन**

टेलिफोन: ९७७–१–४३३०८४४, ४३३१७५५ (प्रशासन), ४३३०१२० (परीक्षा)
Website: www.iost.tu.edu.np, E-mail: info@iost.tu.edu.np, exam@iost.tu.edu.np